नेपाल सरकार
युवा,श्रमतथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

पत्र सख्या : ०८३/८४

मितिः-२०८३।०७।१२

## प्रेस विज्ञप्ति

विषयः<u>उत्पादनमूलक क्षेत्रको चौथो चरणको चयन प्रक्रिया, नयाँ पासरहरूको रोष्टर प्रवेश तथा पुराना पासरहरूको प्राथमिकता सम्बन्धमा।</u>

हाल सामाजिक सञ्जालमा चौथो चरणको Manufacturing सम्बन्धी Issue Period मा नयाँ पासरहरूको मात्र छनोट भएको र पुराना पासरहरू छनौट नभएको भनी विभिन्न टीकाटिप्पणी देखिएको तथा यसै सन्दर्भमा मिति २०८३/०७/०९ गते कार्यालयमा ध्यानाकर्षण पत्र समेत प्राप्त भएको सन्दर्भमा सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ।

छनोट प्रक्रिया र रोष्टर प्रवेशसम्बन्धी विभिन्न जिज्ञासा तथा टीकाटिप्पणीलाई स्पष्ट पार्न तपसिल बमोजिमका तथ्य र जानकारीहरू प्रस्तुत गरिएको छः

### १. इपिएस कोरिया शाखाको क्षेत्राधिकार र निकायगत भूमिकाः

छनोट प्रक्रियालाई लिएर विभिन्न समयमा विभिन्न टीकाटिप्पणी हुने गरेको पाइने हुँदा यस सम्बन्धी कार्यालयको निकायगत भूमिका स्पष्ट पार्न चाहन्छौं। यस इपिएस कोरिया शाखा एक कार्यान्वयन निकायको रूपमा मात्र सक्रिय निकाय हो। यस कार्यालयको क्षेत्राधिकार देहायका विषयहरूमा मात्र सीमित रहेको छः

- HRD Service of Korea बाट Point Based Selection System को मिति निर्धारण भएपश्चात सोको जानकारी गराई भाषा परीक्षाका लागि आवेदन संकलन गर्ने;
- इपिएस टोपिक परीक्षा सञ्चालन गर्ने क्रममा व्यवस्थापकीय पाटो हेर्ने र HRD Korea बाट प्राप्त नतिजा प्रकाशित गराउने;
- सफल उम्मेदवारहरूको स्किल टेस्ट (Skill Test) को व्यवस्थापकीय पाटो हेर्ने;

- दुवै परीक्षा पश्चात अन्तिममा कोरिया जान योग्य सूची HRD Korea बाट प्राप्त भएपश्चात सो सूची प्रकाशन गर्ने र सफल उम्मेदवारहरूको मेडिकल टेस्ट (Medical Test) को व्यवस्थापन गर्ने;
- Job Application फर्म भराउने र भरिएको Job Application का आधारमा कोरियाली स्वचालित प्रणाली (Sending Public Agency System - SPAS) मा Roster Approval को लागि Pre-Roster निर्माण गरी पठाउने।
- कामदार कोरियाली रोजगारदाताले छनोट गरिसकेपश्चात कार्यालयमा प्राप्त LC मा हस्ताक्षर गराई प्रणालीबाटै HRD Korea मा पठाउने;
- पूर्वप्रस्थान अभिमुखीकरण तालिम व्यवस्थापनमा समन्वय गर्ने;
- कोरियाली Ministry of Justice बाट CCVI जारी भइसकेपश्चात सम्बन्धित आवेदकलाई जानकारी गराई निजको भिसा प्रक्रियाको आवेदन सङ्कलन गरी कोरियन दूतावासमा पठाउने र कोरियाबाट उडानको नामावली प्राप्त भइसकेपश्चात अन्तिम उडानको जानकारी दिई कोरिया प्रस्थानको व्यवस्था गर्ने;
- E-9 प्रकृयामार्फत कोरिया जाने कामदारहरुको श्रम सम्बन्धी कार्य गर्ने ।

*सो बाहेक रोष्टरमा आवेदकहरूको **Approval**, रोजगारदाता समक्ष सिफारिस स्वयम् कोरियाली पक्षबाट हुने र कामदारको छनोट स्वयम् रोजगारदाताले गर्ने गर्दछन्। रोजगारदाता समक्ष फाइल पठाउने, सिफारिस गर्ने र कामदारको अन्तिम छनोट गर्ने भूमिकामा इपिएस कोरिया शाखाको कहिँकतै कुनै पनि संलग्नता रहँदैन ।*

**२. नयाँ पासरहरूको रोष्टर प्रवेशसम्बन्धी कानुनी व्यवस्था र तथ्यः**

- उत्पादनमूलक क्षेत्रतर्फ सवैभन्दा पछिल्लो परीक्षा सन् २०२५ मा सम्पन्न भई सो भाषा परीक्षामा उत्तीर्ण सवैको सन् २०२६ अप्रिल २२ देखि २८ सम्म Skill Test सञ्चालन भएको थियो। दुवै चरणमा उत्तीर्ण भएका कुल ३,५१७ जना उम्मेदवारहरूको अन्तिम नतिजा सन् २०२६ मे १२ तारिखमा प्रकाशन गरिएको थियो।
- कोरियाली निर्देशिका अनुसार अन्तिम नतिजा प्रकाशन भएको मितिले २ महिनाभित्र Sending Agency ले Pre-Roster निर्माण गरी कोरियाको प्रणालीमा पठाउनुपर्ने व्यवस्था रहेको छ। यो विषय आवेदकहरूले **eps.go.kr** मा लगइन गरी आफ्नो Individual EPS ID मार्फत समेत हेर्न सक्नुहुन्छ।

- उक्त Guidelines मा स्पष्ट रूपमा भनिएको छ:

*"A sending Agency must send their "Pre-Roster of Job Applications" within two months from the date of EPS-TOPIK result announcement. HRD Korea will check the Pre-roster before proceeding with the approval process."*

- यही निर्देशिकाको व्यवस्थालाई मध्यनजर गर्दै ईपिएस कोरिया शाखाले नयाँ पासरहरुको Job Application भरी Roster Approval को लागि कोरिया पठाएको जानकारी गराउँदछौं ।
- कतिपय आवेदकहरुले "२०२५ मा भाषा परीक्षा दिनेहरु सन् २०२७ बाट मात्र कोरिया प्रवेश गर्न पाउने आशयको विभिन्न सञ्चार माध्यममा आएका सूचनाहरुमा कार्यालयको प्रतिबद्धता समेत जोडी जिज्ञासा लिएको पाइयो । हालको यो चौथो चरणको Issue Period मा छनौट भएका पासरहरुको कोरिया प्रवेश सन् २०२६ को अन्त्य डिसेम्बरबाट शुरु भई सन् २०२७ पुग्ने नै व्यहोरा जानकारीको लागि अनुरोध छ ।

## ३. पुराना पासरहरूलाई प्राथमिकता दिने सम्बन्धमा यस कार्यालयको प्रयास

- इपिएस कोरिया शाखाको अनुरोधमा मे (May) तथा अगस्ट (August) को Issue मा रोष्टरमा पहिले सूचीकृत हुने पासरहरूलाई प्राथमिकता दिने उद्देश्यले नै HRD Service of Korea ले सन् २०२६ को सीप परीक्षा उत्तीर्ण भएको ४ महिना पश्चात मात्र नयाँ पासरहरूको Approval प्रक्रिया अगाडि बढाएको थियो। सो समयावधिमा मात्र मे को Issue Period मा १३३५ जना र August को Issue मा १३३१ जना गरी कुल २६६६ जना पुराना पासरहरू कोरियाली रोजगारदाताबाट छनोट भई कोरिया प्रस्थान गरिसकेको अवस्था समेत रहेको छ।
- साथै हालसम्म पुराना पासरहरुमध्ये पहिलो Shift तर्फ उत्तीर्ण भएका **५७५३ जना मध्ये ४३८६ जना छनौटमा परिसकेको** । हाल उक्त सिफ्टबाट रोष्टरमा १६३ जना बाँकी रहेको । जसमा पुरुष १०२ र महिला ६१ जना रहेको छ । १२ जना – **Restrict, Pending, Processing, Resent** को अवस्थामा रहेकोले Approval को प्रतिक्षामा रहेका ।
- त्यसैगरी पुराना पासरहरुमध्ये दोस्रो Shift तर्फ उत्तीर्ण भएका ८१५१ जना मध्ये ५३४८ जना छनौटमा परिसकेको अवस्था छ । हाल उक्त सिफ्टबाट रोष्टरमा २५९८ जना रहेको अवस्था छ । जसमध्ये

७१५ जना पुरुष र १८८३ जना महिलाको संख्या रहेको छ । १८ जना - Restrict, Pending, Processing, Resent को अवस्थामा रहेकोले Approval को प्रतिक्षामा रहेका ।

- त्यसैगरी पुराना पासरहरुमध्ये तेस्रो Shift तर्फ उत्तीर्ण भएका २८४६ जनामध्ये १३३१ जना छनौटमा परिसकेको अवस्था छ । हाल उक्त सिफ्टबाट रोष्टरमा १४५५ रहेको अवस्था छ । जसमध्ये ११९४ जना पुरुष र २६१ जना महिलाको संख्या रहेको छ । ६१ जना - Restrict, Pending, Processing, Resent को अवस्थामा रहेकोले Approval को प्रतिक्षामा रहेका ।

- Labor Contract कार्यालयमा Issue Period सकिएको ९० दिन सम्म प्राप्त हुने हुँदा रोष्टरमा रहेको संख्या अझै घट्ने समेत जानकारीका लागि अनुरोध छ ।

- तसर्थ, माथिका तथ्याङ्कहरूले पुराना पासरहरू ठूलो संख्यामा कोरियाली रोजगारदाताहरूबाट छनोट भई आ-आफ्नो कार्यक्षेत्रमा प्रस्थान गरिसकेको यथार्थलाई स्पष्ट रूपमा उजागर गरेका छन्। यसबाट पुराना पासरहरूको छनोट नै नभएको भन्ने किसिमका आधारहीन र भ्रामक सूचना सम्प्रेषण गरी जनमानसमा अन्योल सिर्जना गर्न खोज्नु अत्यन्तै वाञ्छनीय छैन। तसर्थ, यस्ता तथ्यहीन र भ्रामक गतिविधिहरू नगर्न र नगराउनु हुन सम्बन्धित सबैमा यस कार्यालय हार्दिक अपिल गर्दछ।

- साथै, EPS-TOPIK उत्तीर्ण भएको मितिले दुई वर्षभित्र नै दुई पटक (प्रथम पटक र नवीकरण गरी) रोष्टरमा सूचीकृत हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको छ। तोकिएको समयसीमाभित्र रोष्टरमा सूचीकृत हुन पाउनु नयाँ पासरहरूको समेत अधिकारको विषय हो। तसर्थ, 'नयाँ पासरहरूको प्रक्रिया रोकेर हामीलाई मात्र प्राथमिकता दिनुपर्छ' भन्ने किसिमको आधारहीन भाष्य निर्माण गरी विरोधका कार्यक्रमहरू सञ्चालन नगर्नु वा नगराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। HRD Korea बाट प्राप्त निर्देशिका बमोजिम तोकिएको समयसीमा व्यतीत भएपश्चात मात्र नयाँ आवेदकहरूको प्रक्रिया अगाडि बढाइएको व्यहोरा समेत यसै विज्ञप्ति/पत्रमार्फत स्पष्ट गरिन्छ।

**४. चौथो चरणको Issue प्रकृयामा नयाँ पासरहरु मात्र उत्तीर्ण भएको भ्रम सम्बन्धमा**

- हाल सामाजिक सञ्जालमा विभिन्न भाषा प्रशिक्षण गराउने संस्था, प्रशिक्षकहरू, स्वयं रोष्टरमा रहेका आवेदकहरु तथा इन्नफ्लुएन्सरहरूबाट चौथो चरणको Manufacturing सम्बन्धी इश्यु अवधिमा नयाँ

परीक्षार्थीहरू मात्र पास भएको र पुराना परीक्षार्थीहरू छनोट नभएको भनी तथ्यहीन तथा भ्रमपूर्ण सूचनाहरू सम्प्रेषण भएकोप्रति यस इपिएस कोरिया शाखाको गम्भीर ध्यानाकर्षण भएको छ।

- HRD Korea बाट प्राप्त जानकारी अनुसार चौथो चरणको Issue Period मा उत्पादनमूलक क्षेत्रतर्फ १५००-१६०० आवेदकहरु छनौटमा परेको र सो मध्ये नयाँ पासरहरु र पुराना पासरहरुको अनुपात करिब ६०:४० मा रहेको छ ।तसर्थ, यस इश्यु चरणमा नयाँ पासरहरू मात्र छनोटमा परेका छन् भन्ने कुरा पूर्ण रूपमा असत्य र निराधार रहेको छ।

५. कोरियाली पक्ष (**HRD Korea**) सँगको छलफल र आधिकारिक धारणाः

यस कार्यालयमा ध्यानाकर्षण पत्र प्राप्त भएपश्चात् नेपालस्थित **HRD Korea** का **Country Representative** सँग औपचारिक छलफल गरी ध्यानाकर्षण पत्रमा उठेका विषयहरू अवगत गराइएको थियो। उक्त छलफलमा कोरियाली पक्षबाट निम्नानुसारको प्रष्टीकरण प्राप्त भएको छः

- छनोट प्रक्रिया पूर्ण रूपमा निष्पक्ष हुने र रोष्टरमा सूचीकृत हुने सबै आवेदकहरूप्रति समान व्यवहार गर्नुपर्ने तथा पुरानो तथा नयाँ पासर भनी कसै प्रति पनि विभेदपूर्ण व्यवहार नगरिएको।
- रोजगारदाताले माग गरेको मापदण्ड (**Criteria**) बमोजिम कोरियाको श्रम मन्त्रालयले व्यवस्था गरेको केन्द्रीय डेटाबेसवट स्वचालित रूपमा **Job Center** हुँदै रोजगारदाता समक्ष फाइल पुग्ने व्यवस्था रहेको।
- रोजगारदाताले १ जना कामदार माग गरेको अवस्थामा कोरियन जब सेन्टरले ३ जनासम्म पठाउने र त्यो अवस्थासम्म कसैको पनि व्यक्तिगत विवरण हेर्न नमिल्ने व्यवस्था रहेको।
- अन्तिम चरणमा रोजगारदाताले छनोट गर्ने बेलामा मात्र एनक्रिप्टेड डाटा (**Encrypted Data**) पूर्ण रूपमा देखिने हुँदा मानवीय रुपमा नयाँ वा पुरानो पासर कोहो भनी पहिल्यै छुट्याई नपठाइने।
- रोजगारदाताले निर्धारण गरेको मापदण्डसँग मेल खाने आवेदकमध्येबाट स्वचालित प्रणालीले नै सिफारिस गर्ने हुँदा नयाँ पासरहरूलाई मात्र सिफारिस गरिएको भन्ने विषय सत्य नभएको।
- स्वचालित प्रणालीमार्फत रोजगारदाता समक्ष सिफारिस हुने क्रममा देहायका मापदण्डहरूको आधारमा प्राथमिकता निर्धारण हुने गरेको

- *रोजगारदाताद्वारा अघिल्लो रोजगार सम्झौता रद्ध (Cancel) गरिएको भए त्यस्तो व्यक्ति।*
- *रोष्टर प्रमाणित भएको मितिको आधारमा पहिले दर्ता भएका उम्मेदवारहरू।*
- *रुट इन्डस्ट्रिज (Root Industries - आधारभूत उत्पादन उद्योग) का लागि तालिम लिएका योग्य उम्मेदवारहरू।*
- *छनोट परीक्षा (लिखित, सीप परीक्षा एवं अन्तर्वार्ता) मा उच्च अंक प्राप्त गर्ने उम्मेदवारहरू।*

- प्रणाली कसरी काम गर्छ? (एउटा प्रष्ट उदाहरणसहित)
  - रोजगारदाताले कामदार माग गर्दा केही विशेष शर्तहरू राख्न सक्छन् (जस्तैःदेश, उमेर समूह, लिंग, उचाइ, तौल, विशेष सीप वा भाषाको दक्षता आदि)।
  - रोजगारदाताले तोकेका ती सबै मापदण्ड पूरा गर्ने उम्मेदवारहरूलाई मात्र रोष्टरबाट सर्ट गरिने
  - तत्पश्चात प्राथमिकताक्रम लागू गरिने
  - प्राथमिकता क्रम लागू हुने तरिकाः
    - मानौं, रोजगारदाताको सबै मापदण्ड पूरा गर्ने रोष्टरमा जम्मा ३० जना आवेदक भेटिए
    - अब ती ३० जनामध्येबाट माथि उल्लेख गरिएका प्राथमिकता क्रमका आधारमा उम्मेदवारहरूको सूची तयार हुने
    - मानौं, रोजगारदाताले १ जना कामदार माग गरेको छ, तर प्राथमिकता क्रम छुट्याउँदा मापदण्ड र प्राथमिकता मिल्ने १० जना उम्मेदवार बराबरी वा अगाडि देखिए भने त्यस्तो अवस्थामा, ती अगाडि आएका १० जना मध्येबाट Random Sampling विधिमार्फत १ जना माग गरिएको छ भने ३ जना रोजगारदाता मक्ष सिफारिस गरी पठाइने
- आफूलाई आवश्यक पर्ने कामदार कस्तो प्रकृतिको र कति संख्यामा लैजाने भन्ने विषयमा कोरियाली रोजगारदाता पूर्ण रूपमा स्वतन्त्र रहेकोले यस विषयमा विवाद गर्न नहुने;
- रोजगारदाताले मागमा तोकेका मापदण्डहरू (जस्तैःदेश, उमेर, लिंग, उचाइ, तौल, सीप वा भाषा विज्ञता आदि) अनिवार्य रूपमा पूरा हुनै पर्दछ। यी मापदण्ड पूरा भएपश्चात मात्र प्राथमिकताक्रम निर्धारण हुने ।

प्राथमिकताक्रमको दोस्रो प्राथमिकतामा रोष्टरमा सबैभन्दा पहिले दर्ता वा चढेका उम्मेदवारहरूलाई नै प्राथमिकता दिने कोरियाली नीति रहेको । हालको इश्यु (Issue) प्रक्रियामा समेत कोरियाली पक्षको यही नीति अनुरूप स्वचालित प्रणालीबाटै उम्मेदवारहरू सिफारिस गरिँदै आएको ।प्रणालीबाट सिफारिस भइसकेपश्चात उम्मेदवारलाई छनोट गर्ने अन्तिम अधिकार स्वयं रोजगारदातामै निहित रहेकोले कसैले बाह्य हस्तक्षेप गर्न नहुने वा नसक्ने

- स्वचालित प्रणालीले रोजगारदाताको माग र तोकिएको मापदण्डको परिधिभित्र रहेर निष्पक्ष रूपमा प्राथमिकता निर्धारण गर्ने भएकाले यस प्रणालीमा कुनै किसिमको भेदभाव वा पक्षपात हुने कुरामा कुनै सत्यता छैन
- यसर्थ आगामी दिनहरूमा हुने इश्युको चरणहरूमा पनि यही नीति र मापदण्डलाई निरन्तरता दिई अगाडि बढाइने जानकारी कोरियाली पक्षबाट प्राप्त भएको

६. कोरिया प्रस्थान गर्ने कामदारहरूको वास्तविक तथ्याङ्क तथा वस्तुस्थिति सम्बन्धमा

विभिन्न सामाजिक सञ्जालमा रोस्टरमा सूचीकृत अधिकांश उम्मेदवारहरू रोजगारदाताबाट छनोट नभई बाहिरिनु परेको भन्ने आशयका तथ्यहीन प्रचारप्रसार सर्वथा निराधार रहेका छन्। यस सन्दर्भमा, सम्बन्धित सबैको जानकारीका लागि आधिकारिक तथ्याङ्कगत विवरणहरू निम्नानुसार स्पष्ट पारिन्छः

- सन् २००८ देखि सन् २०२६ सेप्टेम्बर १९ सम्मको अवधिमा भाषा तथा सीप परीक्षा उत्तीर्ण गर्ने कुल आवेदकहरूको संख्या १,३६,६६४ रहेको छ, जसमध्ये Job Application पेस गर्ने उम्मेदवारहरूको संख्या १,२८,५५८ रहेको छ।
- Job Application भरी रोस्टरमा सूचीकृत भएका कुल उम्मेदवारहरूमध्ये हालसम्म १,०५,५३० जना कामदारहरू दक्षिण कोरिया प्रवेश गरी रोजगारको अवसर प्राप्त गरिसकेका छन्।
- यसरी Job Application भरी रोस्टरमा सूचीकृत भएका कुल उम्मेदवारहरूमध्ये ८२.०८ प्रतिशत कामदारहरू कोरिया प्रवेश गरिसकेको यथार्थ तथ्याङ्क यसै विज्ञप्ति मार्फत प्रस्ट्याइन्छ।
- यसका अतिरिक्त हालसम्म २१२२३ जना Committed Workers का रुपमा कोरिया प्रवेशसमेत गरेका छन् ।

तसर्थ, रोस्टरमा रहेका अधिकांश आवेदकहरू रोजगारदाताबाट छनोट नभई बाहिरिनुपर्छ भन्ने किसिमका कुप्रचार र भ्रमपूर्ण भाष्यहरूमा कुनै पनि सत्यता नरहेको व्यहोरा अवगत गराउँदै, यस्ता आधारहीन विषयहरूको पछि नलागी संयमता अपनाउनुहुन सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ।

**७. आन्दोलनका कार्यक्रम तथा सर्तहरूको पालना सम्बन्धमाः**

प्राप्त ध्यानाकर्षण पत्रमा माग सम्बोधन नभएमा आन्दोलनका कार्यक्रमहरू अगाडि बढाइने भन्ने व्यहोरा उल्लेख भएको प्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। तसर्थ, सम्पूर्ण सरोकारवालाहरूलाई आन्दोलनका कार्यक्रमहरू फिर्ता लिनुहुन तथा त्यस्ता गतिविधिहरू अगाडि नबढाउनुहुन हार्दिक अनुरोध गरिन्छ।

***<u>भाषा परीक्षाको आवेदन दर्ता गर्ने क्रममा नै भाषा परीक्षा उत्तीर्ण गरी रोष्टरमा सूचीकृत हुनु मात्रै कोरियामा रोजगारीको अनिवार्य सुनिश्चितता नहुने स्पष्ट पारिएको थियो।</u>*** यसका साथै, इपिएस प्रणाली र यसका प्रावधानहरू प्रति पूर्ण रूपमा प्रतिबद्ध रहने तथा कुनै पनि किसिमका आन्दोलन वा विरोधका गतिविधिहरू नगर्ने भनी 'कन्सन्ट फर्म' (Consent Form) मा स्वेच्छाले सहमति जनाएर मात्रै उम्मेदवारहरू परीक्षामा सहभागी भई रोष्टरमा सूचीकृत हुनुभएको हो। यस सन्दर्भमा, आवेदनका बखत स्वीकार गरिएका देहायबमोजिमका सर्तहरू (Terms and Conditions) पुनःस्मरण गराउन चहान्छौं:

- *I agree that passing EPS-Topik does not guarantee employment in Korea;*
- *I fully obey the rules and regulations of EPS.*
- *I have willingly participated in the EPS TOPIK exam. I will not participate in any kind of protest, sit-in, procession, even if I participate in this examination and fail or if I passed in the exam but not selected and do not go for employment. If I do that, I will be punished according to the law."*

उपर्युक्त बमोजिमको प्रतिबद्धता विपरीत निर्धारित शर्तहरूको बर्खिलाप हुने गरी कानुनले बर्जित गरेको कुनै पनि अवाञ्छित गतिविधिमा संलग्न भएको पुष्टी भएमा रोष्टरमा निश्चित समयावधी सम्म रोक (Restriction) लाग्न सक्ने, रोजगारदाताबाट छनोट भइसकेको अवस्थामा समेत Ministry of Justice बाट जारी हुने भिसा स्वीकृति पत्र (CCVI) जारी हुन नसक्ने र आगामी परीक्षामा समेत निश्चित समायवधी रोक लाग्न सक्ने जोखिम पनि उत्तिकै रहन्छ ।

नेपाल सरकार
युवा,श्रमतथा रोजगार मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
**ई.पि.एस.कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

यसर्थ प्रणालीगत निष्पक्षता कायम रहेको सन्दर्भमा तथा आगामी दिनहरूमा समेत इश्यु पिरियडहरू (Issue Periods) बाँकी नै रहेको वर्तमान अवस्थामा यस किसिमका आन्दोलनजन्य गतिविधिहरूले समस्या समाधान गर्नुको सट्टा थप जटिलता मात्र उत्पन्न गर्ने देखिन्छ। तसर्थ, कुनै पनि प्रकारका आन्दोलन वा विरोधका कार्यक्रमहरूमा सरिक नहुन अनुरोध गरिन्छ। रोष्टर अवधिमा पहिल्यै सूचीकृत भएका कामदारहरूलाई प्राथमिकतामा राख्ने मापदण्ड रहेको कोरियन पक्षबाट समेत अवगत गराइएको हुँदा माथि उल्लिखित प्रणालीगत व्यवस्थाहरूलाई गम्भीरतापूर्वक मनन गरी आन्दोलनजस्ता गतिविधिहरूबाट टाढा रहन सबैमा पुनः जोडदार अनुरोध छ।

यद्यपी कानुनले बर्जित गरेका गतिविधिमा संलग्न रहेको पुष्टि भई पूर्वनिर्धारित कानुनी तथा प्रशासनिक कारबाहीहरू भोग्नुपरेको खण्डमा यस कार्यालयले कुनै पनि किसिमको कानुनी जवाफदेहिता नलिने व्यहोरा समेत यसै सूचनामार्फत स्पष्ट पारिन्छ।

त्यसैगरी, सामाजिक सञ्जालमा प्रणालीगत प्रावधान तथा यथार्थता नबुझी भ्रमपूर्ण सूचना तथा तथ्यहीन विषयहरू सार्वजनिक गर्ने विभिन्न समूहहरू तथा व्यक्तिहरूले समेत यस्ता गैरजिम्मेवार गतिविधिहरू नगरिदिनु हुन सचेत गराइन्छ। यदि यस्ता विषयहरूलाई बेवास्ता गरी भ्रमपूर्ण सूचना तथा तथ्यहरू फैलाउने कार्य निरन्तर गरिएको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाहीका लागि सम्बन्धित निकायमा आधिकारिक रूपमा सिफारिस गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। तसर्थ, यस संवेदनशील विषयमा सबै महानुभावहरूले पूर्ण संयमता अपनाई स्थापित प्रणालीगत व्यवस्थालाई सुचारू रूपमा सञ्चालन गर्न सहयोग पुऱ्याउनुहुन हार्दिक अनुरोध छ।

सूचना अधिकारी